गोरखा नगरपालिका

# एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७७

गोरखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, गोरखा

Scanned with CamScanner

# गोरखा नगरपालिका गोरखा

## एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७८

**प्रस्तावना**

गोरखा नगरपालिका भित्रका बासिन्दाहरुलाई स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन नगरपालिकाको घोषित निति अनुरुप सरल व्यवस्थीत र भरपर्दो किसिमले स्वास्थ्य सेवा पाउने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्ने र एम्बुलेन्सका कारण समयमा स्वास्थ्य सेवा प्राप्त गर्न नसक्ने विरामीलाई स्वास्थ्य सेवाको पहुच पुऱ्याउन एम्बुलेन्स सेवा पारदर्शी सरल विश्वासनीय बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि गोरखा नगरपालिकाले यो निर्देशिका जारी गरेको छ ।

**१) सक्षिप्त नाम र प्रारम्भ**

क) यो निर्देशिकाको नाम गोरखा नगरपालिका एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७८ रहेको छ ।

ख) यो निर्देशिका नगरपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

क) एम्बुलेन्स भन्नाले विरामीलाई सेवा दिन स्विकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

ख) एम्बुलेन्स जनशक्ती भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

ग) चालक भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

घ) नगरपालिका भन्नाले गोरखा नगरपालिकालाई सम्झनु पर्छ ।

ङ) सेवा शुल्क भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउने समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

च) समिति भन्नाले दफा (३) बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

छ) सेवा भन्नाले एम्बुलेन्सले विरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

**३) एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगसन समिति :** (१) एम्बुलेन्स सेवा सञ्चालनका व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहनेछन् ।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर उप-प्रमुख | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको व्यक्ति | सदस्य |
| राजश्व शाख प्रमुख | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय डुम्रीडाँडा, गोरखा गण्डकी प्रदेश नेपाल

राजनराज पन्त
प्रमुख

२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।
३) समितिको बैठक सम्वन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**४) समितिको काम, कर्तव्य र अधिकार :**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बामोजिम हुनेछ।

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने।

ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता तयार गरि लागु गराउने। यस निर्देशिका अनुसारका आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिई करार सम्झौता रद्ध गर्न नगरपालिका कार्यालय लाई निर्देशन दिने।

ग) एम्वुलेन्स सेवाका बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनवाई तथा व्यवस्थापन गर्ने।

घ) जिल्लास्तरमा एम्बुलेन्स सम्बन्धी कायम भएको दररेटलाई समितिका पधाधिकारीहरुले आवश्यकता अनुसार परिमार्जिन गर्ने।

ङ) सरोकारवाला तथा अन्य संघहरु विच आवश्यकता अनुसार एम्वुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने।

च) नगरपालिकाको विशिष्टतालई ध्यानमा राखी आवश्यकता अनुसार एम्वुलेन्स सेवा सञ्चालनका लागि आवश्यक थप मापदण्ड बनाउने।

छ) चालकले अनुसूची १ बमोजिम सेवा शुल्क लिई बैंक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने।

२) समतिका सदस्य-सचिवले सेवा प्रवाह स्थितिका अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा समितिमा पेश गर्नु पर्नेछ।

३) नगरपालिका भित्रका सेवाग्राही, कार्यरत कर्मचारीहरु लाई विशेष छुट दिने विषयमा निर्णय गर्नेछ।

**५) सेवा शुल्क सम्वन्धी व्यवस्था :**

(१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसूची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कका रुपमा बुझाउनु पर्नेछ।

२) एम्वुलेन्स सेवा बापत उठेका रकम नगरपालिकाको एक अलग बैक खाता/कोष खडा गरी जम्मा गर्नुपर्नेछ।

३) सेवा शुल्क बापत लिइने रकमको असुलिका लागि नगरपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ। नगदी रसिदका अभिलेख/नियन्त्रण खाता नगरपालिकामा राखिनेछ।

४) सेवा दिएबापत लिइने सेवा शुल्क नगदी रसिद काटी नगरपालिकाको राजस्व शाखामा जम्मा गर्ने जिम्मेवारी सम्वन्धित चालकको हुनेछ।

५) कोषको रकम नगरपालिकाले स्वीकृत गरेका बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाईनेछ, कोषको रकम सामान्यतया चालकको तलब, भत्ता, इन्धन, एम्वुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्री लगायतको खरिदमा खर्च गरिनेछ।

**६) चालकको नियूक्ति र सेवा सुविधा :**

(१) एम्बुलेन्स सेवा सञ्चालनका लागि नगरपालिकाले एउटा एम्वुलेन्सका लागि एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

राजनराज पन्त
प्रमुख

Scanned with CamScanner

राजनराज पन्त
प्रमुख

२) चालकको सेवा सुविधा काठमाण्डौं प्रति दिन रु १२००।, पोखारा र चितवनको हकमा प्रतिदिन रु १०००। को दरले र अन्यको हकमा अनुसूची (१) बमोजिम हुनेछ ।

३) चालकको रु ५ लाख सम्मको दुर्घटना बीमा गरिनेछ । बीमाका प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट ब्यहोरिनेछ ।

४) चालकले पालना गर्नुपर्ने आचर सहिता अनुसुची (२) बमोजिम हुनेछ ।

**७) एम्बुलेन्स रहने स्थान र सोको मर्मत सम्भार :**

(१) एम्बुलेन्स नगरपालिकाको हाता वा नगरपालिकाले तोकेको स्थानमा रहनेछ ।

२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ । मर्मत गर्नु पर्ने भएमा कोषको रकमबाट नियमानुसार नगरपालिकाले तोकेबमोजिम हुने ।

**८) विविध :**

१) एम्बुलेन्समा रहने न्युनतम सेवा सुविधा तथा औषधीका विवरण अनुसुची (३) बमोजिम हुनेछ ।

२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त बढीमा २ जना सहित स्वास्थ्यकर्मीको विमाको दायित्व समेत नगरपालिकाले कोषको रकमबाट विमा रकम सम्झौता गरि बढिमा चालक, स्वास्थ्यकर्मी सहित ५ जनाको विमा गरिनेछ ।

३) नगरपालिका भित्र रहेका गर्भवती, असहाय, अपाङ्ग (क र ख बर्ग ) जेष्ठ नागरीक (६५ बर्ष माथिका व्यक्तिहरु) को हकमा सम्वन्धित टोलबाट स्वास्थ्य संस्था सम्म निशुल्क सेवा दिईनेछ ।

४) यस निर्देशिकामा उल्लेखित विषय यसै बमोजिम हुने र अन्य विषयको हकमा निर्णय गर्नुपरेमा समितिको निर्णयनुसार हुनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

राजनराज पन्त
प्रमुख

Scanned with CamScanner

## अनुसूची १
## एम्बुलेन्स भाडा दररेट

| सम्म | कि.मि | चालु भाड | चालक भत्ता | जम्मा हुने रकम |
|---|---|---|---|---|
| काठमाण्डौ | ३४० | ६५०० | ० | ५९८० |
| पोखरा | २२० | ५००० | ० | ४६०० |
| भरतपुर | १५० | ४००० | ० | ३६८० |
| खैरेनी | ४८ | १५०० | १२० | १३८० |
| मझुवा | ४३ | १३५० | १०८ | १२४२ |
| ३ कि.लो | ४१ | १२०० | ९६ | ११०४ |
| ९ कि.लो | ३० | ९५० | ७६ | ८७४ |
| १० कि.लो | २८ | ९०० | ७२ | ८२८ |
| ११ कि.लो | २६ | ८०० | ६४ | ७३६ |
| १२ कि.लो | २४ | ७०० | ५६ | ६४४ |
| १३ कि.लो | २२ | ६०० | ४८ | ५५२ |
| छेवेटार | ३० | ९५० | ७६ | ८७४ |
| १६ कि.लो | १८ | ५०० | ४० | ४६० |
| विरिन्चोक | १५ | ४५० | ३६ | ४१४ |
| लक्ष्मीबजार | ८ | ३५० | २८ | ३२२ |
| बजार क्षेत्र (२ कि.मी भित्र) | ४ | ३०० | २४ | २७६ |
| फिनाम | १४ | ७५० | ६० | ६९० |
| कोखेआहाले | २२ | ७०० | ५६ | ६४४ |
| ताप्ले | ३० | १२०० | ९६ | ११०४ |
| शिखर | ३४ | १५०० | १२० | १३८० |
| आरुवोट | ३० | १६०० | १२८ | १४७२ |
| नारेश्वर | १४ | ११०० | ८८ | १०१२ |
| घलाङ | १८ | १८०० | १४४ | १६५६ |
| देउराली | ५७ | २०५० | १६४ | १८८६ |
| सिम्ले | ५० | १७०० | १३६ | १५६४ |
| प्यूघर वेसी | ४० | १३५० | १०८ | १२४२ |

लोकल भाडा, बसपार्क, हरमटारी, बराहा, पेट्रोलपम्प रु २५० गोरखा अस्पतालबाट,
पिच बाटो प्रति किलोमिटर रु ४० का दरले थपिनेछ ।
ग्राभेल बाटोमा प्रति कि.मि रु १०० का दरले थपिनेछ ।
कच्ची बाटोमा प्रति कि.मि रु १८० का दरले थपिनेछ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

राजनराज पन्त

## अनसूची २

### (निर्देशिकाको दफा ६ को उपदफा (३) संग सम्वन्धित )
### एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७८ लाई पुर्णतः पालना गर्नुपर्नेछ ।,
२. आफनो पेशागत भुमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफनो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,
३ मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने
४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई संधै सम्मान पूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,
५. आफैले लिइएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवारी र जवाफदेही हुनपर्ने,
६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथै आफैमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने ,
७ कुनै पनि विरामीलाई ओसारपसार गर्नु अघि उसका बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,
८. विरामीलार्य विच बाटोमा अलपत्र हुने गरि छाड्न नहुने ।
९. आफ्नो कामको सिलसिलामा पाएको कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जनकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायीत्व निर्वाह गर्न वा विरामीको सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्धत पुऱ्याउन पर्ने ।
१०.अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्धत पुऱ्याउनुपर्ने ।
११. आफुले उचित देखेका बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जनाकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने ।
१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानुनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन, नियम अनुसार स्वंय सजायको भागेदार हुनेछ ।

म.......................................................... ठेगाना ..........................................
ना.प्र.प.न ............................... जारी मिति ........................... जिल्ला, डाइभिङ्ग लाइसेन्स नं.
........................ जारी मिति .................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु ।
........................ जिल्ला गोरखा नगरपालिका एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सहि छाप गरको छु ।

चालकको :
दस्तखत :
मिति :
संस्थाको छाप :

रोहबरमा प्रमाणीत गर्ने व्यक्तिको :
दस्तखत :
नाम :
पद :
मिति :

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

राजनराज पन्त
प्रमुख

Scanned with CamScanner

राजनराज पन्त
प्रमुख

## अनसूची ३

(निर्देशिकाको दफा ८ का उपदफा (१) संग सम्वन्धित )

"ग" वर्गको ( Common life Support ( CLS) ) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

- First Aid का सामानहरु
- Oxygen Sylinder, Flow Meter/ Mask जडित वा जरुरी परेमा राख्ने सकिने सवारी साधन,
- IV injection दिन सक्ने व्यवस्था,
- Stretcher Cum Board
- Stethoscope, BP Apparatus, Torchlight ,
- Driver With Basic training in first aid and emergency Medicine

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

राजनराज पन्त
प्रमुख

Scanned with CamScanner